# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

२०७३


## सेवा करारमा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित सूचना मितिः २०७६।१०।०३ गते)**

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम यस बेनी नगरपालिकामा रोजगार संयोजक पदका लागि खुल्ला प्रतिष्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय वमोजिमको योग्यता इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त फाराम भरी यस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । साथै परीक्षाको पाठ्यक्रम यसै कार्यालयको वेभसाइटमा राखिएको छ ।

१. **पद** : रोजगार संयोजक (अधिकृत छैटौं तह)

२. **माग पद संख्या** : १ (एक)

३. **आवश्यक न्यूनतम योग्यता:**

   क) नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

   ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

   ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

   घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

४. **करार अवधि** : २०७७ आषाढ मसान्त सम्म (नविकरण हुन सक्ने)

५. **तलब** : नेपाल सरकारको नियमानुसार

६. **आवश्यक कागजातहरु:**

   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

   ख) पासपोर्ट साइजको फोटो १ प्रति

   ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि १/१ प्रति

   घ) कार्यानुभव र तालिम भए सोको प्रमाणपत्रको १/१ प्रति

७. **आवेदन दस्तुर** : रु एक हजार मात्र (रु १०००।००)

८. **परीक्षाको किसिम:** लिखित र कम्प्युटर सीप परीक्षण

९. **प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन** : २०७६।१०।२७ गते

१०. **परीक्षा मिति स्थान** : पछि सूचना प्रकाशन गरिनेछ ।

**द्रष्टव्य:** अन्य कुराहरु रोजगार संयोजको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ वमोजिम हुनेछ र थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

सदस्य सचिव

रोजगार संयोजक पदपूर्ति समिति


फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np

इमेलः info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकःwww.facebook.com/beninagarpalika